नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः २०८३/०८४
चलानी नं. ०१

(कर्मचारी प्रशासन शाखा)

मितिः २०८३/०४/०१

विषयः कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा।

श्री महालेखा नियन्त्रक कार्यालय, सबै महाशाखा तथा शाखाहरु।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै।
श्री कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालय, बबरमहल, काठमाडौ।
श्री निवृत्तभरण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वर, काठमाडौं।

उपरोक्त सम्बन्धमा यस कार्यालय मातहतका कर्मचारीहरु, संघमा दरवन्दी भै हाल प्रदेश तथा स्थानीय तहमा कार्यरत तथा यस कार्यालयको पुल दरवन्दीमा रहि विभिन्न आयोजना/कार्यालय/आयोग लगायतका अन्य निकायहरुमा कार्यरत नेपाल प्रशासन सेवा, लेखा समूहका विभिन्न श्रेणीका कर्मचारीहरुको आर्थिक बर्ष २०८२/८३ को निजामती सेवा नियमावली, २०५० को नियम ७८ बमोजिम निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा तपसिल अनुसार निर्णय भएकोले सोही अनुसार गर्नु/गराउनुहुन मिति २०८३/०४/०१ को निर्णयानुसार अनुरोध छ।

तपसिल

क) म.ले.नि.का. मातहत कार्यालयका राजपत्र अनंकित र श्रेणी विहीन कर्मचारीहरूको का.स.मू. सम्बन्धमा

| मातहत कार्यालय | सुपरिवेक्षक | पुनरावलोकनकर्ता | पुनरावलोकन समितिको अध्यक्ष |
|---|---|---|---|
| कोष नियन्त्रक कार्यालय प्रमुख भएका को.ले.नि.का.हरू | कोष नियन्त्रक | कर्मचारी प्रशासन शाखा प्रमुख 'ख' (म.ले.नि.का.) | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |
| प्रमुख कोष नियन्त्रक र कोष नियन्त्रक/आ.ले.प. अधिकृत/लेखा अधिकृत कार्यरत भएका को.ले.नि.का.हरू | कोष नियन्त्रक/आ.ले.प. अधिकृत/लेखा अधिकृत | प्रमुख कोष नियन्त्रक | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |
| प्रमुख कोष नियन्त्रक कार्यरत भएको तर कोष नियन्त्रक रिक्त भएका को.ले.नि.का.हरू | प्रमुख कोष नियन्त्रक | कर्मचारी प्रशासन शाखा प्रमुख 'ख' (म.ले.नि.का.) | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |
| प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रक पद रिक्त भएका को.ले.नि.का.हरु | कर्मचारी प्रशासन शाखा 'ख' लेखा अधिकृत म.ले.नि.का. | कर्मचारी प्रशासन शाखा प्रमुख 'ख' (म.ले.नि.का.) | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |
| कुमारी चोक तथा केन्द्रिय तहशिल कार्यालय | लेखा अधिकृत | कार्यालय प्रमुख | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |
| निवृत्तभरण व्यवस्थापन कार्यालय | लेखा अधिकृत | कार्यालय प्रमुख | मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुख |

पत्र संख्याः
चलानी नं.

ख) राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूको

१. यस कार्यालयमा कार्यरत राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूको सुपरिवेक्षण सम्वन्धित शाखा प्रमुखबाट र पुनरावलोकन सम्बन्धित महाशाखा प्रमुखबाट गर्ने ।

२. राजपत्रांकित तृतीय श्रेणीका कार्यालय प्रमुखहरू र प्रमुख कोष नियन्त्रक रिक्त रहेका जिल्लाका राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूको सुपरिवेक्षण कर्मचारी प्रशासन शाखा 'ख' (म.ले.नि.का.) प्रमुखबाट र पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट गर्ने ।

३. राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारी कार्यालय प्रमुख हुने कोष तथा लेखा नियन्त्रक कार्यालयहरू, निवृत्तभरण व्यवस्थापन कार्यालय र कुमारीचोक तथा केन्द्रिय तहशिल कार्यालयका राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूको सुपरिवेक्षण सम्वन्धित कार्यालयका प्रमुखबाट र पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट गर्ने ।

ग) राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीहरूको

१. यस कार्यालयमा कार्यरत राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीहरूको सुपरिवेक्षण सम्वन्धित महाशाखा प्रमुखबाट र पुनरावलोकन महालेखा नियन्त्रकज्यूबाट गर्ने ।

२. राजपत्रांकित द्वितीय श्रेणीका कार्यालय प्रमुखहरू तथा कर्मचारीको सुपरिवेक्षण मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट र पुनरावलोकन महालेखा नियन्त्रकज्यूबाट गर्ने ।

३. कोष तथा लेखा नियन्त्रक कार्यालयका राजपत्रांकित द्वितीय श्रेणीका कर्मचारीको सुपरिवेक्षण मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट र पुनरावलोकन महालेखा नियन्त्रकज्यूबाट गर्ने ।

घ) प्रदेश,स्थानीय तथा पुल दरबन्दीमा कामकाज गर्न खटाइएका कर्मचारीहरूको

१. महालेखा नियन्त्रक कार्यालयको पुल दरबन्दीमा रहि विभिन्न आयोजना एवं कार्यालयहरूमा कामकाज गर्न खटाइएका कर्मचारीहरूको सम्वन्धित कार्यालयबाट कार्य सम्पादन मूल्याङ्कन गर्ने निजामती कर्मचारी नभएमा महालेखा नियन्त्रक कार्यालयबाट मूल्याङ्कन गर्दा राजपत्रांकित द्वितीय श्रेणीका अधिकृत तहको कर्मचारीको सुपरिवेक्षण मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट र पुनरावलोकन महालेखा नियन्त्रकज्यूबाट, राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीहरूको सुपरिवेक्षण कर्मचारी प्रशासन शाखा (ख) प्रमुखबाट र पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट साथै राजपत्र अनंकित कर्मचारीको सुपरिवेक्षण कर्मचारी प्रशासन शाखा (ख) प्रमुखबाट र पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट गर्ने ।

२. संघमा दरवन्दी रहि प्रदेश तथा स्थानीय तहमा कार्यरत नेपाल प्रशासन सेवा लेखा समूहका कर्मचारीहरू राजपत्रांकित तृतीय श्रेणीको हकमा सम्वन्धित तहमा संघमा दरवन्दी भएका निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता उपलब्ध भएमा सुपरिवेक्षण, पुनरावलोकन एवं पुनरावलोकन समितिबाट मूल्यांकन गर्ने तथा मूल्यांकनकर्ता उपलब्ध नभएमा सुपरिवेक्षण सम्बन्धित कार्यालय प्रमुख वा सो नभएमा कर्मचारी प्रशासन शाखा प्रमुख (म.ले.नि.का.) बाट र पुनरावलोकन मानव श्रोत व्यवस्थापन महाशाखा प्रमुखबाट गर्ने ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

पत्र संख्याः
चलानी नं.

३. संघमा दरवन्दी भै प्रदेश तथा स्थानीय तहमा कार्यरत नेपाल प्रशासन सेवा लेखा समूहका कर्मचारीहरू राजपत्र अनंकित श्रेणीको हकमा सम्बन्धित तहमा संघमा समायोजन भएका निजामती सेवा ऐन तथा नियमावलीमा तोकिए बमोजिमको सुपरिवेक्षक तथा पुनरावलोकनकर्ता उपलब्ध भएमा सुपरिवेक्षण, पुनरावलोकन एवं पुनरावलोकन समितिबाट मूल्यांकन गर्ने तथा उक्त तहमा मूल्यांकनकर्ता उपलब्ध नभएमा सुपरिवेक्षण सम्बन्धित कार्यालय प्रुमख वा सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत कर्मचारी वा उक्त जिल्ला स्थित कोष नियन्त्रक (सम्बन्धित को.ले.नि.का.) र पुनरावलोकन प्रमुख कोष नियन्त्रक वा सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारी प्रशासन शाखा प्रमुख (म.ले.नि.का.) बाट गर्ने ।

४. स्थानीय तह वा प्रदेशमा समायोजन भई सम्मानित सर्वोच्च अदालतबाट उक्त समायोजन हाललाई कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी भएका कर्मचारीहरू मध्ये हाल संघीय दरवन्दीमा कामकाजको लागि खटाइएका कर्मचारीहरूले हाल कार्यरत कार्यालयमा कार्य सम्पादन मूल्यांकन फाराम भरी पेश गर्ने ।

५. स्थानीय तह वा प्रदेशमा समायोजन भएका कर्मचारीहरू मध्ये ती तहबाट हाजिर नगराई हाल अस्थायी व्यवस्थापनको लागि संघीय दरवन्दीमा कामकाजको लागि खटाइएका कर्मचारीहरूको हाल कार्यरत कार्यालयमा कार्य सम्पादन मूल्यांकन फाराम भरी पेश गर्ने ।

...............
(कृष्णराज पौडेल)
लेखा अधिकृत


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np